मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २ गते शुक्रबार ❑ 18 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## आन्तरिक राजस्व कार्यालय पोखराले गत वर्षभन्दा ५१ करोड रुपैयाँ बढी राजस्व संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

आन्तरिक राजस्व कार्यालय पोखराले अघिल्लो आर्थिक वर्षको तुलनामा गत बर्ष २०८१/०८२ मा ५१ करोड रुपैयाँले बढी राजस्व संकलन गर्न सफल भएको छ।

आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयले ६ अर्ब ८ करोड ४६ लाख रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ भने उक्त राजश्व अघिल्लो वर्षको तुलनामा ९ प्रतिशतले बढी रहेको कार्यालयले जनाएको छ।

कार्यालयले आर्थिक बर्ष २०८०/०८१ मा ५ अर्ब ५७ करोड ५९ लाख ७ हजार रुपैयाँ संकलन गर्न सफल भएको थियो। चालु वर्षको लागि ७ अर्ब १९ करोड १७ लाख ७५ हजार रुपैयाँको लक्ष्य राखिएकोमा ८५ प्रतिशत लक्ष्य पुरा गर्न सफल भएको कार्यालयका प्रमुख कर अधिकृत शिव शर्माले बताउनु भयो। सहकारी क्षेत्रमा देखिएको समस्या र आर्थिक गतिशीलतामा आएको सुस्तताको लगायतका कारणले गर्दा राजस्व संकलन अपेक्षाकृत हुन नसके पनि अघिल्लो वर्षको तुलनामा नतिजा उत्साहजनक रहेको उहाँले बताउनुभयो।

कार्यालयले आ.व. २०८१/०८२ मा आयकरतर्फ ३ अर्ब ९९ करोड ४२ लाख, मूल्य अभिवृद्धि करतर्फ १ अर्ब ८९ करोड ५९ लाख र अन्तः शुल्कतर्फ १८ करोड ४५ लाख रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ।

हाल आन्तरिक राजस्व कार्यालय पोखरा अन्तर्गत ६८ हजार व्यवसायिक प्यानधारी करदाता रहनु भएको छ। तीमध्ये १२ हजार ५ सय जना मूल्य अभिवृद्धि कर (मू.अ.कर) मा दर्ता हुनु हुन्छ। व्यक्तिगत प्यानधारीको संख्या २ लाख १० हजार पुगेको कार्यालयले उल्लेख गरेको छ। यसैगरी करदातालाई कार्यालयको सेवा सरल र प्रभावकारी बनाउन आर्थिक बर्ष २०८२/०८३ को पहिलो दिनदेखि कार्यालय परिसरमै करदाता सहायता कक्ष सञ्चालनमा ल्याइएको छ। बिहीबार जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले एक कार्यक्रमका बीच सहायता कक्षको उद्घाटन गर्दै जनतालाई सर्वसुलभ ढंगले कर तिर्ने वातावरण सृजना गर्न आग्रह गर्नु भयो। जीआईजेडको सहयोगमा पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ तथा आन्तरिक राजस्व कार्यालयको सहकार्यमा सो कक्ष स्थापना गरिएको हो।

सहायता कक्षबाट करदाताले कर सम्बन्धी जानकारी, परामर्श र अन्य आवश्यक सहयोग सहज रूपमा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको कार्यालयका प्रमुख कर अधिकृत शिव शर्माले बताउनु भयो।

## अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमनमा वृद्धि

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

पदयात्राका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा आर्थक वर्ष २०८०/८१ को तुलनामा गत आवमा पर्यटक आगमनमा २५ प्रतिशतले वृद्धि भएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेकामा गत आव २०८१/८२ दुई लाख ७८ हजार एक सय १३ विदेशी पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए। तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार सात सय ८६ र अन्य देशका एक लाख २० हजार तीन सय २७ पर्यटक रहेका छन्। एक वर्षको अन्तरमा ५५ हजार एक सय ३३ पर्यटक बढेको आयोजना प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो। गत आवमा सबैभन्दा बढी चैत महिनामा ४४ हजार नौ सय ७७ पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएका थिए। सबैभन्दा कम साउनमा जम्मा पाँच हजार सात सय १० पर्यटक उक्त आएका थिए। यस्तै भदौमा १३ हजार दुई सय ७९, असोजमा ३० हजार सात सय ३२, कात्तिकमा ३३ हजार तीन सय १०, मङ्सिरमा १४ हजार ११, पुसमा १४ हजार ३३, माघमा नौ हजार ३४, फागुनमा १९ हजार चार सय ७०, वैशाखमा ४१ हजार आठ सय ५३, जेठमा ३१ हजार नौ सय ५५ र असारमा १९ हजार सात सय ४९ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका प्रमुख डा कडरियाले बताउनुभयो। दुई मुख्य पर्यटकीय याम असोज-कात्तिक र चैत-वैशाखमा पदयात्राका लागि बढी पर्यटक यस क्षेत्रमा आउने गरेका छन्। सोही याममा धार्मिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सिस्नेरीका थापा च्याउखेतीमा लगानी बढाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

युवाहरूको विदेश मोह बढेसँगै देशव्यापी रूपमा कृषिप्रतिको अनाकर्षण बढिरहेको अवस्थामा पोखरा महानगरपालिका-११ का ध्रुवबहादुर थापाले भने व्यावसायिक च्याउखेतीमा लगानी बढाउँदै जानुभएको छ।

काहुँ सिस्नेरी एग्रो फार्म सञ्चालन गर्दै आउनुभएका उहाँले च्याउखेतीका लागि करिब रु एक करोड ५० लाख बढी लगानी गरिसक्नुभएको छ। विगतमा खाद्यान्न आपूर्तिको काममार्फत व्यावसायिकतामा लाग्नुभएका उहाँले कोरोना महामारीपछि व्यावसायिक रूपमा च्याउखेती सुरु गर्नुभएको हो।

कोरोनाकालीन समयमा आएको व्यावसायिक च्याउखेतीको योजनालाई व्यवहारमा उतार्नुअघि विसं २०७४ देखि अध्ययन तथा प्रक्रियागत काम सुरु गर्नुभएको थियो। अहिले उहाँले चिस्यानसहितको आधुनिक प्रविधियुक्त टनेलमा च्याउखेती गरिरहनुभएको छ।

विसं २०७७ फागुनमा चिस्यानसहितको प्रविधियुक्त टनेलको काम सकेपछि च्याउखेती थाल्नुभएका उहाँले सुरुमा रु ५० लाख लगानी गरेको जानकारी दिनुभयो। उहाँका अनुसार सुरुमा १२ टन क्षमताको उक्त टनेलबाट प्रत्येक तीन



महिनाको एक याममा दुई हजार ४०० किलोसम्म गोब्रे च्याउ उत्पादन भएको थियो।

बजारको बढ्दो मागसँगै च्याउखेतीप्रतिको लगाव बढेपछि अहिले १२ टन क्षमताको टनेललाई विस्तार गरी २० टन बनाएको जनाउँदै थापाले थप २० टन क्षमताको टनेल निर्माण गरिरहेको बताउनुभयो। बाह्र टन क्षमताको टनेलको क्षमता वृद्धिसँगै अर्को टनेल निर्माण गर्दा करिब रु ७० लाख लगानी भएको उहाँले जानकारी दिनुभयो।

पछिल्ला समयमा गरिएको थप टनेल निर्माण तथा क्षमता विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत रु २७ लाख ९१ हजार ८८८ अनुदानबापतको रकम प्राप्त भएको थापाले उल्लेख गर्नुभयो। उहाँका अनुसार दैनिक करिब पाँच सय किलो गोब्रे च्याउ टिप्दै आइएको छ।

"कन्ये च्याउ सामान्य टहरामा उत्पादन गर्न सकिए पनि गोब्रे च्याउका लागि हाइटेक प्रविधि जडित टनेलभित्र गर्नुपर्ने हुन्छ। आफूले उत्पादन गरिरहेको च्याउको खपत पोखरामा हुने गरेको छ", थापाले भन्नुभयो। बीस टन क्षमताका दुईवटा टनेलबाट पूर्णरूपमा उत्पादन हुँदा प्रत्येक तीन महिनाको समयावधिमा छ हजार किलो च्याउ उत्पादन गर्ने लक्ष्य लिइएको छ। "बजारमा प्रतिकिलो रु तीन सयदेखि रु तीन सय ५० सम्ममा च्याउ बिक्री हुन्छ", उहाँले भन्नुभयो, "पोखराको बजारमा दैनिक छ सय किलोसम्म यो च्याउको माग छ।" थापाको च्याउखेती फार्ममा हाल १० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। च्याउको कम्पोष्ट राख्ने, टिप्ने, त्यसको व्यवस्थापन गर्नेलगायत कामका लागि आवश्यकताअनुसार अन्य जनशक्ति खटाइएको गरिएको उहाँले बताउनुभयो। बहुपोषणयुक्त च्याउमा ३५ प्रतिशत प्रोटिन पाइन्छ भने क्यालोरी तथा चिल्लो पदार्थको मात्रा कम हुने भएकाले पछिल्लो समय यसको माग र प्रयोग गर्नेको सङ्ख्या बढ्दै गएको थापाको भनाइ छ। "च्याउमा 'एर्गो थियोनिन' भन्ने तत्व हुन्छ, जसले चाउरीपना हटाउनुका साथै छालाको सुरक्षा गर्दछ। यसमा 'एन्टी अक्सिडेन्ट' प्रशस्त मात्रामा पाइन्छ", उहाँले भन्नुभयो। रोग प्रतिरोधात्मक क्षमता हुने च्याउमा भिटामिन डि प्राप्त हुन्छ भने कम मात्रामा कार्बोहाइड्रेड हुन्छ। नियमित रूपमा च्याउ खानाले उच्च रक्तचाप, मधुमेहलगायत रोग नियन्त्रण गर्न मद्दत पुग्ने तथा क्यान्सरको जोखिम कम गर्नुका साथै तौल घटाउन पनि उपयोगी मानिन्छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कास्कीले पोखरा र आसपासमा व्यावसायिक च्याउ खेतीप्रतिको आकर्षण बढाउन अनुदान, सहयोगलगायतका कार्यक्रम अघि बढाएको छ। परियोजनाअन्तर्गत पोखरा र आसपासका क्षेत्रमा च्याउखेतीको विकासका लागि गत आवमा करिब रु ४० लाख लगानी गरिएको परियोजना कार्यान्वयन इकाईका प्रमुख माधव लम्सालले जानकारी दिनुभयो। पोखरा कन्ये च्याउमा आत्मनिर्भर बनिसकेको बताउँदै उहाँले गोब्रे च्याउमा आत्मनिर्भर बनाउनका लागि पहल भइरहेको उल्लेख गर्नुभयो। आगामी एक-दुई वर्षभित्रमा यस क्षेत्रलाई गोब्रे च्याउमा पनि आत्मनिर्भर बनाउने गरी काम भइरहेको उहाँको भनाइ छ।

## कास्की माछापुच्छ्रे धितालका दुग्ध किसानले समयमै भुक्तानी नपाएपछि निराश

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ६ धितालका दुग्ध किसानहरू यतिबेला निराश भएका छन्।

स्थानीय धिताल दुग्ध उत्पादन सहकारी संस्थालाई दूध दिँदै आएका किसानहरूले केही समयदेखि आफ्नो भुक्तानी नपाउँदा उहाँहरू हाल निराश हुनु भएको हो। गाउँमा उत्पादन भएको दूधलाई सङ्कलन गरेर सहकारीले पोखराको लवकुश डेरी उद्योग प्रा.लि.लाई उपलब्ध गराउँदै आइरहेको छ। यद्यपि लवकुश डेरीले समयमै किसानको रकम भुक्तानी गर्न नसक्दा किसानहरु निराश हुनु भएको हो।

लवकुश डेरी सञ्चालक सुस्मा पहारीले यतिबेला दूधको अफ्सिजन भएको हुँदा दुधलाई विभिन्न प्रसोधन गर्नुपर्ने हुँदा समयमै रकम भुक्तानी गर्न नसक्ने बाध्यता रहेको बताउनुभयो। दूधको अफसिजनमा करिब २ देखि ३ महिनासम्म किसानहरूलाई आफूले भनेको बेलामा भुक्तानी गर्न नसक्ने अबस्थामा रहेको उहाँले जनाउनु भयो। लवकुश डेरीले कास्कीका विभिन्न ग्रामीण क्षेत्र जस्तै धिताल त्यसैगरी लाहाचोक फलेवास, सहित चितवनबाट समेत दूध आयात गर्ने गरेको छ। उक्त सहकारीका सचिव खेमबहादुर भुजेलले गाउँमा स्थापना भएको उक्त सहकारीले विगत लामो समयदेखि लवकुश डेरीलाई नै दुध उपलब्ध गराउदै आएको बताउनु भयो। उक्त डेरीबाट करिब ५० लाख भुक्तानी हुन बाँकी हुँदा किसानहरूलाई आफूहरूले चाहेर पनि रकम उपलब्ध गराउन नसकेको उहाँले बताउनुभयो। धिताल दुग्ध उत्पादन सहकारी संस्थामा हाल दैनिक जसो ६०० देखि ६५० लिटर दूध उत्पादन हुँदै आइरहेको छ। यद्यपि पछिल्लो क्रममा रकम भुक्तानी समयमै नहुँदा ९२ जनासम्म पुगेका कृषकहरु मध्ये हिजोआज ६५ देखि ७० जना मात्र सीमित हुन पुगेको सहकारीले जनाएको छ। सहकारीमा भने ६० जना शेयर सदस्य आबद्ध हुनुहुन्छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले उक्त दूध सङ्कलनको लागि मिल्क चिलिङ भ्याट (दूध संकलन केन्द्र) स्थापनाको लागि सहयोग गरेको छ। १ हजार लिटर क्षमताको उक्त चिलिङ भ्याट स्थापना गर्न ५ लाख १९ हजार खर्च भएको थियो भने जसमध्ये ८५% जसो प्रधानमन्त्री कृषि आधुनिककरण परियोजनाबाट प्राप्त भएको सचिव भुजेलले बताउनुभयो। मिल्क चिलिङ भ्याटको अभावमा आफुहरुले धेरै सास्ती भोग्नु परेको उहाँले गुनासो गर्नुभयो।

डेरी उद्योगले उपलब्ध गराएको मिल्क चिलिङ भ्याट पुरानो भएकोले मर्मत संहार गर्दा बर्षेनी १ लाख भन्दा बढी खर्च भएको अबस्थामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आफुहरुलाई उक्त मिल्क चिलिङ भ्याट स्थापना गर्न सहयोग गरेकोमा आफुहरुलाई ठुलो राहत मिलेको उहाँले जनाउनु भयो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत माधव लम्सालले किसानलाई प्रोत्साहन गर्न उक्त परियोजनामा सहयोग गरिएको बताउनु भयो। कार्यालयको नेतृत्वमा सोमबार उक्त दुध संकलन केन्द्रमा अनुगमन समेत गरिएको थियो। विगत दुई महिना देखि उक्त दुध संकलन केन्द्रमा परियोजनाको मिल्क चिलिङ भ्याट संचालनमा आएको हो।

## मुस्ताङ आउने पर्यटक ५५ दशमलव ३ प्रतिशतले बढे

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक बनेपछि मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकको संख्या उल्लेख्य बढेको छ।

सडक तथा हवाई यातायात सहज भएपछि मुस्ताङ भ्रमण गर्नेहरु बढेका हुन्। जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मुस्ताङमा पाँच लाख ५५ हजार ३२६ आन्तरिक र एक लाख ५० हजार ४५३ जना विदेशी गरी कूल सात लाख पाँच हजार ७७९ पर्यटक आएका छन्। जुन अघिल्लो आव २०८०/८१ को तुलनामा ५५ दशमलव तीन प्रतिशत अर्थात दुई लाख ५१ हजार ४५३ ले बढी हो। आव २०८०/८१ मा मुस्ताङमा कूल चार लाख ५४ हजार ३२६ पर्यटक आएका थिए। आव २०८१/८२ मा आन्तरिकतर्फ पाँच लाख ५५ हजार ३२६ र बाह्यतर्फ एक लाख ५० हजार ४५३ जना विदेशी पर्यटक मुस्ताङ आएका छन्।

सीप सिकौं, आत्मनिर्भर बनौं
शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार
एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो
» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering
हाम्रा विशेषताहरू:
- सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने।
- जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने।
- प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने।
- जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था।
न्यूनतम शैक्षिक योग्यता: SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु।
अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म
कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट
विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ कलेज
पोखरा-८, फिर्के। फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७
www.pec.edu.np

# जनकवि केशरी धर्मराज थापाको पोखरामा स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन




जनकवि केशरी धर्मराज थापाको १सय १ औं जन्म जयन्तीको अवसरमा पोखरामा विशेष कार्यक्रमका विच स्मरण गरिएको छ।

शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा सहभागीले राष्ट्रले चिनेको लोक सर्जकलाई अहिलेसम्म पनि आफ्नै क्षेत्रले उपयुक्त सम्मान दिन नसकेको भन्दै चिन्ता व्यक्त गरेका छन् । जनकवि थापाको व्यक्तित्व र कृतित्वको बारेमा परिचर्चा गर्दै अधिकांश व्यक्तिले बाटुलेचौरको माटोमा जन्मिएर हुर्किएका जनकविलाई स्मरण गरेर मात्र नपुग्ने बताउँदै, उनको शालिक निर्माणमा जोड दिएका छन् । पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले जनकवि केशरी धर्मराज थापा लगायतका यस क्षेत्रका साहित्यक व्यक्तित्वको उचित सम्मान र योगदानलाई चिरस्थायी बनाउन प्रतिष्ठानले कार्ययोजना सहित अगुवाइ गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले जनकवि केशरी थापाको शालिक निर्माणका लागि महेन्द्र गुफा परिसर उपयुक्त हुने र त्यसको स्थलगत निरीक्षण गरिएको बताउँदै, यसका विषयमा पोखरा महानगरपालिका पनि सकारात्मक रहेको स्पष्ट पार्नुभयो। कवि को परिवारले शालिक निर्माणका लागि जग्गा उपलब्ध गराईदिन वडासँग आग्रह गरेको थियो । "त्यसका लागि जनकवि केशरीका परिवार पनि तयार रहेको, आवश्यक परेमा वडाले पनि केही बजेट विनियोजन गर्न सकिने र प्रतिष्ठानले अगुवाइ गरेमा सार्थकता पाउँछ" वडाध्यक्ष तिमिल्सिनाले भन्नुभयो। महेन्द्र गुफामा रहेको गन्धर्व संग्राहलयको विकासमा पनि वडाले समवन्य गरिरहेको उहाँको भनाई छ । पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले जनकवि केशरी धर्मराज थापा कुनै क्षेत्र विशेषको नभएर राष्ट्रिय गौरवको लोक साधक भएको स्मरण गर्दै, उहाँको व्यक्तित्व र कृतित्वलाई जीवन्त राख्न स्थानीय सरकारले पनि भुमिका खेल्नुपर्ने बताउनुभयो।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य राजकुमारी भुजेलले बाटुलेचौर साहित्य र लोकसंगीतको उर्वर भूमि भएको बताउँदै, श्रष्ट्राको सम्मानले नै समाज सम्मानित हुने बताउनुभयो । उहाँले जनकवि केशरी धर्मराज थापाले गन्धर्व समुदाय र सारङ्गीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन पनि महत्वपुर्ण भुमिका रहेको भन्दै स्मरण गर्नुभयो। साहित्यकार एवं पत्रकार असफल गौतमले जनकवि केशरीको जीवनी प्रस्तुत गर्दै, लोक साहित्य र संगीतको मेरूदण्डका रूपमा चित्रित गर्नुभयो । प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमको अध्यक्षतामा भएको कार्यक्रममा कवि एवं सल्लाहकार शिव त्रिपाठी,प्रतिविम्ब वाङ्मय प्रतिष्ठानका अध्यक्ष शिवहरि आचार्य, शिक्षासेवी यमनकाजी गुरुङ, पुर्व जनप्रतिनिधि कोमलप्रसाद बास्तोला, विन्ध्यश्वरी माविका प्रधानाध्यापक श्रीराम आचार्य, कार्यक्रम संयोजक हरि बहादुर थापा लगायतले कविको जन्म घरलाई कविकुञ्जको रूपमा विकास गरी त्यसको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा प्रतिष्ठानका पुर्व अध्यक्ष नेत्र बहादुर बानियाँ, पुर्व सदस्य डोब बहादुर केसी लगायतले जनकवि केशरी धर्मराज थापाका कालजयी लोक गीत प्रस्तुत गरेका थिए।

प्रतिष्ठानका सचिव रामप्रसाद पौडेलले संचालन गर्नुभएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गिता भण्डारीले स्वागत गर्नुभएको थियो । त्यस अघि सहभागीले जनकवि केशरीको तस्वीरमा माल्यार्पण गरी कविको स्मरण गरेका थिए।

# ईनरह्विल क्लब पोखराको १३ औँ पदस्थापना समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन




ईनरह्विल क्लब पोखराको १३ औं पदस्थापना समारोह आज पोखरामा सम्पन्न भएको छ।

सन् २०२४/२५का अध्यक्ष गिता गौली के सी ले सन् २०२५/२६ का अध्यक्ष मेनुका श्रेष्ठ लाभाजूलाई पद तथा अन्य जिम्मेवारी हस्तान्तरण गर्नु भयो।

कार्यक्रमका प्रमुख अतिथी डिस्ट्रीक ३५० का अध्यक्ष कमला श्रेष्ठले ईनरह्विल क्लबको संख्या थप बढ्ाउनु पर्ने आवश्यकता माथी जोड दिदैं महिला शसक्तिकरणमा लाग्नु पर्ने बताउनु भयो । त्यसै गरि ईनरह्विल क्लब नेपालका प्रतिनिधी सरसीज पालिखेले यस क्लबले महिलाहरुको नेतृत्व बिकासमा सघाउ पुर्‍याको बताउनु भयो । सो क्लबका पुर्व अध्यक्ष एवम् कार्यक्रम संयोजक मिना कुमारी शर्मा ढकालले स्वागत गर्नु हुँदै क्लबले मित्र भावका साथ समाजिक कार्यमा लाग्न प्रेरणा दिएको बताउनु भयो।

नव निर्वाचित अध्यक्ष लाभाजुले सबैको साथ भएमा लक्ष्य प्राप्त गर्न सजिलो हुनेमा जोड दिनुभयो । त्यस्तै गरि निवर्तमान अध्यक्ष के सीले आफ्नो कार्यकालमा महिला र बालवालिकाको क्षेत्रमा सचेतना मुलक कार्यक्रम गरेको स्पस्ट पार्नुभयो। कार्यक्रमा रोटरी क्लव न्युरोडका संस्थापक अध्यक्ष रवि प्रसाद बरालले रोटरी क्लब र ईनरह्विल क्लबको सम्बन्ध परि पुरक रहेकोले समाजिक क्षेत्रमा मिलेर काम गर्न सजिलो हुने उहाँको भनाइ थियो।

सचिव यमुना श्रेष्ठ र कोषाध्यक्ष सरस्वती तज्भ्याले आफ्नो प्रतिवेदन प्रस्तुत गर्नु भयो। त्यस्तै गरि विभिन्न क्लबबाट रोटरी क्लव न्युरोडका अध्यक्ष अमृत राज बास्तोला विभिन्न ४ वटा ईनरह्विल क्लबका अध्यक्षहरुमा अन्जु चालिसे, बिन्दु के सी, यसोदा वास्तोला, इसीता चालिसेले शुभकामना दिनुभएको थियो।

# कमलपोखरी सहकारीको आर्वा बिजय माविमा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन



पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिले आफ्नो स्थापना भएको अबसरमा पोखरा १३ स्थित आर्वा बिजय मा.बि.लाई विहीवार साउन्ड सिस्टमको सेट प्रदान गरेको छ।

विद्यालयका प्रधानाध्यापक पद्मादेवी बराललले सहकारीले बिद्यालयलाई सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको सहयोगको खुलेर प्रसंशा गरिन् । सहकारीका अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भवसागर बराललले स्वागत र सहकारीका सचिव कुमार केसीले संचालन गरेका थिए। संस्थाले हरेक वर्ष साउन १ गते आफ्नो स्थापना दिवस मनाउँदा सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्य गर्दे आएको छ।

# राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कारबाट पत्रकार श्रीष सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन



पोखरामा लामो समयदेखि क्रियाशील पत्रकार रुद्र श्रीष मगर 'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार २०८२' बाट सम्मानपत्र तथा नगद १५ हजार सहित सम्मानित भएका छन्।

राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिद्धारा स्थापित तथा नेपाल मगर पत्रकार संघ कास्कीद्धारा संरक्षित पुरस्कारद्धारा बिहीबार पोखरामा पत्रकार श्रीषमगर सम्मानित भएका हुन्।

कार्यक्रममा बोल्दै सम्मानित श्रीषमगरले पुरस्कारले आफूलाई खुसी दिलाउनुका साथै जिम्मेवारी थपिएको अनुभव भएको बताए । सांस्कुतिक र संस्कार मगर समुदायको पहिचान भएकालाई संस्कारलाई जोगाउनु नयाँ र पुराना पुस्ताले विषेश ध्यान दिनु आवश्यक रहेको उनको भनाई छ । पुरस्कार प्राप्त गर्ने उद्देश्यले आफू यो पेसामा प्रवेश नगरेको उनको भनाई थियो । यो पेसामा कसरी मगर समुदायका व्यक्ति र नयाँ पुस्तालाई टिकाइराख्ने भन्ने योजना बनाएर अगाडि बढ्नुपर्ने अहिलेको अवश्यकता रहेकोमा उनले कार्यक्रममा जोड दिएका छन् । हाल मगर र गुरुङ भाषालाई गण्डकी प्रदेश सरकारले कामकाजको भाषाका रुपमा लागूगर्ने निर्णय गरेकाले समुदायगत रुपमा समेत यो विषयलाई चासो दिनुपर्ने बताएका छन् । मगर र गुरुङ समुदायले यो निर्णय लागू गरेर अगाडि बढ्न सके भाषा संरक्षण हुनेमा उनको जोड थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका युवा खेलकुद तथा सामाजिक विकास मन्त्री विन्दुकुमार थापाले गण्डकी प्रदेश सरकारले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा कायान्वयन गर्ने विधयेक पास भएता पनि समुदायगत रुपमा समेत सहयोग गर्नुपर्नेमा जोड दिएका छन्। 'कामकाजी भाषाका रुपमा मगर र गुरुङ समुदायको भाषालाई ऐनका रुपमा ल्याइरहँदा कार्यान्वयन केही पेचिलो बन्न सक्छ, त्यसमा समुदायले प्रदेश सरकारलाई सकेको सहयोग गर्नुपर्छ।' मन्त्री थापाले भने।

मगर र गुरुङ समुदायका फरक-फरक लिपी भएका जानकारी आएकाले कुन सहज हुन्छ भन्ने विषयमा समुदायले नै सुझाव दिनुपर्ने उनले कार्यक्रममा बताए । सरकारी रुपमै कामकाजी भाषाका रुपमा लागूभइसकेपछि समुदायगत रुपमा लोप हुन लागिसकेको मगर र गुरुङ भाषाको संरक्षणमा केही हदसम्म टेवा पुग्ने उनको भनाई थियो । भाषा सम्बन्धी विधयेकलाई स्याङ्जा, तनहुँ लगायतका जिल्लामा पुगेर समुदायगत रुपमा बुझेर नै आफूहरुले ऐनको रुपमा पास गरेको उनले बताएका छन्।

नेपाल मगर संघका साँस्कृतिक विभागका उपप्रमुख तथा पुरस्कारदाता हर्क आलेले कौराहाको संस्कारलाई संरक्षण गर्नुपर्छ भन्ने उद्देश्यले पुरस्कार स्थापित गरिएको बताए । मगर संस्कृतिलाई सरक्षण गर्न सबैले आआफ्नो स्थानबाट योगदान पुऱ्याउनुपर्नेमा उनको जोड थियो। मगर संस्कार र संस्कृतिको क्षेत्रमा योगदान पऱ्याएका व्यक्तिलाई यो पुरस्कार प्रदान गर्नु आफूहरुको उद्देश्य रहेको उनको भनाई छ । नेपाल मगर पत्रकार संघ कास्कीका सहसचिव बल रोका मगरको सञ्चालन तथा अध्यक्ष सुरज थापा मगरको अध्यक्षतामा भएको कार्यक्रममा, छनौट समितिका संयोजक एमबी आस्था मगर, नेपाल मगर संघ कास्कीका अध्यक्ष राम थापा, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव जमुना वर्षा शर्मा, पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, प्रेस काउन्सिल नेपालका सदस्य तथा पत्रकार केशवशरण लामिछाने लगायतले आ-आफ्नो भनाई व्यक्त गरेका थिए।

कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापालाई मगर र गुरुङ भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ गण्डकी प्रदेशबाट सर्वसम्मतले पारित भएको अवसर पारेर सम्मान समेत गरिएको थियो । कार्यक्रममा मिस मगर नेपाल २०२४ का विजेतालाई समेत सम्मानपत्रसहित सम्मान गरिएको थियो।

कार्यक्रममा नेपाल मगर संघ चाउथे इकाई समितिको टोलीले कार्यक्रममा मौलिक कौराहा प्रस्तुत गरेका थिए । २०७५ सालमा स्थापना भएको पुरस्कारबाट यसअघि कमला राना मगर (नवलपुर), तिलक पुन पुर्जा (कास्की), प्रताप राना मगर (तनहुँ), 'एमबी आस्था' (कास्की), मनोज घर्ती मगर (कास्की), खेम सारु मगर (पाल्पा) र सारदा झेंडी मगर (नवलपुर) पुरस्कृत भइसकेका छन्।


## स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं।

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
लागि नजिकैको स्वास्थ्य संस्था वा महिला
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।

विश्व स्तनपान सप्ताह सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# अन्नपूर्ण ...

भ्रमणमा आउने पर्यटकको सङ्ख्या उल्लेख्य रहने गरेको प्रमुख डा कडरियाले बताउनुभयो । पर्यटक आगमन दरमा बर्सेनि वृद्धि भइहेको उहाँको भनाइ छ । आव २०७९/८० मा एक लाख ७२ हजार एक सय आठ पर्यटक यस क्षेत्रमा भित्रिएकामा पछिल्लो आवमा आइपुग्दा एक लाख बढी पर्यटक थपिएका हुन्।

कोभिड-१९ महामारीका बेला थलिएको यस क्षेत्रको पर्यटन पुनः पुरानै लयमा फर्किएको आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो । अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य हो । वर्षात् र जाडोयाममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ । सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको छ । मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरेपनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् । कार्यालयले अन्नपूर्ण संरक्षण क्षेत्रमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ। हिमश्रृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रुपमा चिनिएको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# श्रमिकको न्युनतम तलब

सरकार, रोजगारदाता र श्रमिक सङ्गठनबीच सहमति हुन सकेमात्र श्रमिकको न्युनतम पारिश्रमिक तोक्न सकिन्छ। सरकारले तोके पनि कार्यान्वयन हुन सक्दैन। श्रमिक संगठनले तोकेर पनि रोजगारदाताले नमान्ने अवस्थामा त्रिपक्षीय सहमति हुनुपर्छ। सरकारले श्रमजीवी पत्रकारको न्युनतम पारिश्रमिक निर्धारण गर्न समिति बनाएको छ। सरकार र नेपाल पत्रकार महासंघले सिफारिस गरेका सदस्य समेतको समितिले गरेको सिफारिस कार्यान्वयन हुन सकेको छैन। समितिले गरेको सिफारिस सरकारले कार्यान्वयन गर्न नसकेको भन्दै दबाब दिने गरेको छाअरुका समस्या उजागर गर्दै कार्यान्वयन गर्न दबाब दिन सक्ने पत्रकार आफ्नै समस्या भने छोपेर हिड्नु पर्ने भएको छापत्रकारको न्युनतम पारिश्रमिक सिफारिस कार्यान्वयन हुन नसक्नुमा संचार प्रतिष्ठानले नमान्नु हा। रोजगारदाता बाहिर राखेर गरिने निर्णय कार्यान्वयनमा आउँदैन। सरकार, रोजगारदाता र श्रमिकको सहमतिबाट गरिने सिफारिश कार्यान्वयन हुन्छ।

तीन पक्षबीच भएको श्रमिकको न्यूनतम पारिश्रमिक १९ हजार ५५० रुपैयाँ बनाउने विषयमा सहमति भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको त्रिपक्षीय बैठकमा उक्त सहमति भएको मन्त्रालयले जनाएको छ। श्रम ऐन, २०७४ को दफा १०७ मा प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्ने व्यवस्था छ। यसअघि श्रमिक न्यूनतम पारिश्रमिक १७ हजार ३०० रुपैयाँ थियो। साउन १ गते देखि लागू हुने गरी भएको सहमतिअनुसार मासिक आधारभूत पारिश्रमिक १२ हजार १७० रुपैयाँ र महँगी भत्ता सात हजार ३८० रुपैयाँ हुनेछ। मन्त्रालयका अनुसार श्रमिकले दैनिक आधारभूत पारिश्रमिक ४७० र महँगी भत्ता २८४ रुपैयाँ प्राप्त गर्नेछन् भने प्रतिघण्टा आधारभूत पारिश्रमिक ६३ रुपैयाँ र महँगी भत्ता ३८ रुपैयाँ हुनेछ। आंशिक समयमा मात्र काम गर्ने कामदारको हकमा प्रतिघण्टा न्यूनतम पारिश्रमिक १०७ रुपैयाँ हुने सहमति भएको छ। उक्त सहमति चिया बगानबाहेकमा श्रमिकको हकमा लागू हुने मन्त्रालयको भनाइ छ।

सहमतिपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सबै पक्षलाई धन्यवाद दिए। 'श्रमिकको न्यूनतम पारिश्रमिक तोकेर मात्रै हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयनमा सबै पक्ष गम्भीर र जिम्मेवार ढङ्गले लाग्नुपर्छ,' उनले भने। न्यूनतम पारिश्रमिक निर्धारण समितिका संयोजक तथा श्रम मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले लामो समयदेखिको परामर्श, समन्वय र गहिरो छलफलपछि सहमति जुटेको बताए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सहमतिको स्वागत गरे। उनले भने, 'दिगो श्रम सम्बन्ध कायम राख्न न्यूनतम पारिश्रमिकमा सहमति आवश्यक थियो, पारदर्शी छलफल र सबै पक्षको लचकताको माध्यमबाट प्राप्त सहमति हामी सबैका लागि स्वीकार्य र सन्तुलित छ।'

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी)का प्रतिनिधि जनक चौधरीले उक्त सहमति श्रमिक वर्गको जित भएको बताए। 'पहिलोपटक हाम्रो आवाज समेटिँदै न्यूनतम पारिश्रमिकमा सहमति जुटेको छ, अब यसको कार्यान्वयन सुनिश्चित गर्न सशक्त निगरानी गरिनेछ,' उनले भने। छलफलमा मन्त्रालयका तर्फबाट संयोजक सहसचिव प्रदीप कोइराला, रोजगारदाता पक्षबाट उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्शका दीपक श्रेष्ठ, तथा श्रमिक सङ्गठनका तर्फबाट जनक चौधरी सहभागी थिए। तीन पक्षसँगै बसेर निस्कने सहमति कार्यान्वयनमा ल्याउन दबाब पुग्ने मोडल पत्रकारका हक पनि आवश्यक छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : कार्यमा सफलता | धनु | : व्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# फेवातालको सीमाङ्कनपछि पोल गाड्ने काम सकियो

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

पोखरास्थित प्रमुख पर्यटकीय गन्तव्य फेवातालको सीमाङ्कनपछि सुरु भएको पोल गाड्ने काम सम्पन्न भएको छ।

सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि पोखरा महानगरपालिका, गण्डकी प्रदेश र नेपाल सरकारको संयुक्त पहलमा गत जेठ १७ गतेदेखि तालको किनारमा सीमास्तम्भ गाड्न सुरु गरिएको थियो। फेवाको तालघरमा एक हजार ५५ वटा पिल्लर गाडिएको पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

यसअघि सर्वोच्च अदालतको फैसला कार्यान्वयन सहजीकरण समितिले गठन गरेको प्राविधिक उप–समितिले फेवाताल किनारमा एक हजार ५५ वटा पोल गाड्न सीमाङ्कन गरेको थियो। प्रमुख आचार्यले प्राविधिकले सीमाङ्कन गरेको स्थानमा पोल गाड्ने काम सकिएसँगै अब दोस्रो चरणमा तालघर क्षेत्रमा परेका तथा तालको ६५ मिटर क्षेत्रभित्रका कित्ताको वर्गीकरणको काम सुरु गरिने बताउनुभयो। "फेवा किनार (तालघर) मा पहिलो चरणमा पोल गाड्ने कार्य बुधबार सकिएको छ। यसबाट फेवा ताल संरक्षणको दिशामा ऐतिहासिक प्रगति भएको छ।

दोस्रो चरणमा जगाको कित्ता वर्गीकरण गरेर कुन मुआब्जा पाउने र कुन कित्ता बदर हुने निर्योल गर्नेछौँ", उहाँले भन्नुभयो। प्राविधिक टोलीले रेखाङ्कन गरेका स्थानमध्ये सम्भव भएका ठाउँमा पोल गाडिएको तथा भिरालो भू–भागमा आवश्यक चिह्न दिइएको छ। महानगरले फेवाताल संरक्षण अभियानअन्तर्गत तेस्रो चरणमा मुआब्जा योग्य कित्ताको क्षतिपूर्तिका लागि सिफारिस गर्ने र मुआब्जा प्राप्त गरेपछि मात्र जग्गा खाली गरिने जनाएको छ। पछिल्लो अध्ययनअनुसार फेवातालको क्षेत्रफल छ दशमलव ३४३ वर्ग किलोमिटर (१२ हजार ४६८ रोपनी तीन पैसा तीन दाम) कायम भएको छ। यसअघि फेवा तालको सीमाङ्कनका लागि अत्याधुनिक डिजिपिएस प्रविधि र ड्रोन सर्भेको प्रयोग गरिएको थियो। फेवातालको चार किल्लामा पिल्लर गाडेपछि पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन योगदान पुग्ने विश्वास गरिएको महानगरप्रमुख आचार्यले बताउनुभयो।

सर्वोच्च अदालतले विसं २०८० असार ४ गते फेवाताल किनारदेखि ६५ मिटरसम्मका सबै संरचना हटाउन नेपाल सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाका नाममा उत्प्रेषण परमादेश जारी गरेको थियो। बर्खायाममा उच्चतम पानीको विन्दुदेखि ६५ मिटरसम्मको क्षेत्रलाई मध्यवर्ती हरियाली क्षेत्र घोषणा गरेर सबै अस्थायी र स्थायी संरचना हटाउन आदेश गरिएको थियो।

# धारापानीमा जलवायुमैत्री कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन

रासस
म्याग्दी, १ साउन

जिल्लाको धवलागिरि गाउँपालिका–७ धारापानीमा जलवायुमैत्री कृषि प्रवर्द्धन कार्यक्रम सुरु भएको छ। असल कृषि अभ्यास र प्रविधिको अवलम्बन गरी जलवायु अनुकूलन क्षमताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले यहाँस्थित कृषि ज्ञान केन्द्रले कार्यक्रम सञ्चालन गरेको हो।

जलवायु परिवर्तनका कारण कृषिक्षेत्रमा पर्ने असर तथा प्रभाव न्यूनीकरण गर्दै किसानलाई वातावरण अनुकूल उत्पादनमा केन्द्रित बनाउँदै उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको केन्द्रका प्रमुख सञ्जिव बास्तोलाले बताउनुभयो। उहाँका अनुसार सिर्जनशील कृषक समूहमा आवद्ध २२ परिवार कृषकले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने प्रविधिबाट खेती गर्न थालेका छन्।

कार्यक्रमको ९० प्रतिशत अनुदानमा चार वटा सुधारिएको भकारो निर्माण, सिँचाइका लागि चार हजार मिटर पाइप, पानी सङ्कलन गर्ने नौ वटा ड्रम, दुई वटा प्लास्टिकका टनेल र एउटा थोपा सिँचाइ प्रविधि जडान भएको समूहका अध्यक्ष प्रकाश खत्रीले जानकारी दिनुभयो।

जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रूपमा बढी संवेदनशील रहेको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गरिएको प्रमुख बास्तोलाले जानकारी दिनुभयो। "कार्यक्रम कार्यान्वयनका लागि समूहलाई केन्द्रले गत आर्थिक वर्ष २०८१/८२ मा रु पाँच लाख सहयोग गरेको छ। गण्डकी प्रदेश सरकारले 'पाइलट प्रोजेक्ट'का रूपमा यो कार्यक्रम अघि सारेको हो", उहाँले भन्नुभयो।

साथै सामाजिक र आर्थिक रूपमा पछाडि परेका, भौगोलिक विकटता, खाद्य सुरक्षाको जोखिममा रहेका चार स्थानमा 'ग्रामीण पोषण सुरक्षण' कार्यक्रम सञ्चालन भएको छ। धवलागिरि–४ बगर, मालिका गाउँपालिका–४ ओखरबोट, रघुगङ्गा गाउँपालिका–८ कुइनेमङ्गले र अन्नपूर्ण गाउँपालिका–८ राम्चेमा उक्त कार्यक्रम लागू भएको केन्द्रका प्रमुख बास्तोलाले जानकारी दिनुभयो। उहाँका अनुसा कार्यक्रममार्फत एक सय भन्दाबढी कृषक लाभान्वित भएका छन्।

केन्द्रको रु पाँच/पाँच लाख अनुदानमा कृषक समूह र सहकारी संस्थाले तरकारी खेती, कुखुरापालन, सिँचाइ पूर्वाधार निर्माण, प्लास्टिक घर निर्माण, मौरीपालनका लागि सहयोग गरेका छन्। घरायसी उपभोगका लागि आवश्यक पर्ने पौष्टिक तत्वयुक्त आहारा आपूर्ति सहज बनाई उपभोग वृद्धि र पोषणको अवस्था सुधारका लागि कार्यक्रम सञ्चालन गरिएको बास्तोलाले बताउनुभयो।

# आयुर्वेद चिकित्साको फाइदा धेरै प्रचार थोरै

पोखरापत्र संवाददाता
बागलुङ, १ साउन

बदलिँदो जीवनशैली, अस्वस्थकर खानपानलगायत कारणले स्वास्थ्य समस्या बढ्दै छन्। समस्या समाधानका लागि मानिसले उपचारका लागि सुविधासम्पन्न अस्पताल धाइरहेकै छन्।

पछिल्लो समय भने आयुर्वेद चिकित्सातर्फ पनि चासो बढ्न थालेको छ। धौलागिरि आयुर्वेद अस्पताल बागलुङमा उपचारका लागि आउने बिरामीको सङ्ख्याले यस्तै देखाउँछ। पछिल्लो तथ्याङ्कअनुसार आयुर्वेद उपचारका लागि आउने बिरामीको सङ्ख्यामा वृद्धि भएको छ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा अस्पतालमा ११ हजार ४५५ बिरामीले सेवा लिन आएकामा आर्थिक वर्ष २०८१/८२ मा उक्त सङ्ख्या बढेर १७ हजार ५४८ पुगेको धौलागिरि आयुर्वेद अस्पतालका प्रमुख डा शरद् पन्थीले जानकारी दिनुभयो। उहाँका अनुसार अस्पताल र अन्य आयुर्वेद उपचार केन्द्रमा आएको बिरामीको सङ्ख्यालाई हेर्दा बर्सेनि बिरामीको सङ्ख्यामा वृद्धि भएको पाइएको र आयुर्वेद शिक्षा बढाउन आवश्यक रहेको छ। गत आर्थिक वर्षमा जिल्लाभर रहेका नौवटा आयुर्वेद सेवा केन्द्र र आयुर्वेद अस्पतालमा बिरामीको सङ्ख्या ३० हजार ४७८ रहेकामा आव २०८१/८२ मा ३६ हजार ४९५ पुगेको छ।

आयुर्वेद शिक्षाका लागि नागरिक आरोग्य अभियान चलाइएको, आयुर्वेद अस्पतालमा तीन जना डाक्टरले सेवा दिइराखेको र आयुर्वेद औषधि उपचारमा नागरिकको भरोसा बढ्दै गएका कारण बिरामीको सङ्ख्यामा वृद्धि भएको पन्थीको भनाइ छ।

"हामीले अपनाएको खानपान र जीवनशैलीले गर्दा धेरै रोगको निम्त्याइरहको छौँ। खानपान र जीवनशैलीमा सुधार ल्याउन सकेको खण्डमा आफूलाई स्वस्थ बनाउन सक्छौँ। शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्वको मात्रा हेरेर खानपान गर्न सकेमा स्वस्थ्य बलियो हुन्छ, आयुर्वेद उपचार पद्धति रोगको जरासम्म पुग्ने उपचार पद्धति रहेकाले नागरिकको भरोसा बढ्दै गएको छ।" गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय चिकित्सा सेवा महाशाखा प्रमुख रमेश केसी पछिल्लो समय नसर्ने रोगका कारण मृत्यु हुनेको सङ्ख्या बढ्दै गएकाले आयुर्वेदको मर्मअनुसार जीवनशैली अपनाउन आवश्यक रहेको बताउनुहुन्छ। "स न् १९९० मा सर्ने रोगका कारण मृत्यु हुनेको सङ्ख्या बढी थियो, पछिल्लो समय नसर्ने रोगका कारण मृत्यु हुनेको सङ्ख्या बढ्दो क्रममा रहेको छ", उहाँले भन्नुभयो, "स्वस्थ र अर्गानिक खानेकुरा खाने र नियमित शारीरिक व्यायामले नसर्ने रोगबाट बचाउन सकिन्छ। आयुर्वेदले यसका लागि सहयोगी भूमिका खेल्छ।" डा पन्थी बदलिँदो अवस्थाअनुसार विभिन्न रोगव्याधि बढ्दै गएका अवस्थामा आयुर्वेद उपचारको उपयोगिता बढ्दै गएका, तर प्रचारप्रसारको अभावमा अझै व्यापकता पाउन नसकेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ,"आयुर्वेदको महत्त्व र फाइदा धेरै छ, तर यसको प्रयाप्त प्रचार हुनसकेको छैन। त्यसैले यसको उपयोगिताबारे व्यापक प्रचारको आवश्यकता छ।"

## बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८२/०४/०२**

**यस गैरी भञ्ज्याङ काफल डाँडा सामुदायिक वनबाट उत्पादन भई पोखरा–३३, डाँडागाउँ घाटगद्दीमा एउटा मात्र लट बनाई राखिएको साल प्रजातिको ३२४.२३ क्यू.फिट काठ र २०'× ५'× ५' साईजको दाउरा ४ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ (पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालयमा सुचिकृत इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) लाई सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।**

**केशव राज आचार्य**
**अध्यक्ष**
**गैरी भञ्ज्याङ काफल डाँडा सामुदायिक वन उपभोक्ता समूह**
**पोखरा महानगरपालिका वडा नं. ३३, डाँडागाउँ, कास्की।**

**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
कर्पोरेट कार्यालयः महालक्ष्मी–४, इमाडोल, ललितपुर, फोन नं.: ०१–५९१२७५२
Website : www.swmfi.com.np
को

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !

सूचना प्रकाशित मिति २०८२/०४/०२ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक समूहका शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्नका लागि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अगाडि बढाउन यस वित्तीय संस्थाको सञ्चालक समितिबाट निर्णय भएकोले संस्थाका संस्थापक शेयरधनीलाई नै उक्त संस्थापक शेयर खरिद गर्न प्राथमिकता दिनुपर्ने व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई यस संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी–०४, ललितपुर वा शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड काठमाण्डौं–१, नागपोखरी नक्सालमा आफूले खरिद गर्ने शेयर कित्ता संख्याको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने, सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक शेयरधनी वाहेकका अन्य व्यक्ति वा संस्थालाई शेयर बिक्रीका लागि आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | गुडाखर सापकोटा<br>आँधिखोला–०२, स्याङ्जा | ३२४४४ कित्ता<br>(बत्तीस हजार चार सय चवालीस मात्र) |

# पदयात्रका लागि उत्कृष्ट गन्तव्य बन्दै ‘बुकीपाटन’

**रासस**
बागलुङ, १ साउन

हरिया अजङ्गका पहाड । त्यही पहाडका काखमा समथर मैदान । समुद्री सतहबाट चार हजार मिटरभन्दा अग्ला पहाडमा हिजोआज पदयात्राका लागि जाने पर्यटकको सङ्ख्या बढ्दै गएको छ । यो याममा दैनिकजसो पर्यटक पदयात्रा गर्दै पहाततर्फ उक्लिरहेका देखिन्छन् ।



अहिले बागलुङको ‘बुकीपाटन’ पनि पदयात्राका लागि उत्कृष्ट गन्तव्य बन्दै गएको छ । पाँच वर्ष अगाडिसम्म गोठाला र वस्तुभाउ मात्रै बस्ने बुकीपाटनमा अहिले आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको हो । उच्च पहाडी हावापानी, शान्त वातावरण र मनमोहक दृश्यले पर्यटकलाई आकर्षित गरेको छ । गाउँबाट होस् वा सहरबाट युवाहरूको जमातले बुकीपाटन उक्लिने पदमार्गमा चहपलह देखिन थालेको स्थानीय बताउँछन् । सामाजिक सञ्जाल र सञ्चार माध्यमबाट बुकीपाटनको प्रचारप्रसार हुन थालेपछि हिजोआज पदयात्रा गर्ने पर्यटको सङ्ख्या बढेको ढोरपाटन नगरपालिका-९ का गुनबहादुर बुढामगरले बताउनुभयो । बुकीपाटनमा पुग्ने पर्यटकले नजिकैबाट दर्जनौँ हिमशृङ्खला, गोठाले जीवन देख्न र अनुभूति गर्न पाउने, गर्मीयाममा शीतलता हुने भएकाले युवाहरूमा पदयात्रा (ट्रेकिङ) मोह बढेको उहाँको भनाइ छ । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने बुकीपाटन गत वर्षदेखि बढी चर्चामा आएको हो । ढोरपाटन उपत्यकाबाट करिब साढे चार घण्टाको पैदल यात्रापछि पुग्न सकिने बुकीपाटन तीन हजारदेखि चार हजार ५०० मिटरको उचाइसम्म पर्दछ ।

बुकीपाटन चढ्ने याम असारदेखि असोजसम्म मानिने बुढामगरले जानकारी दिनुभयो । यो याम बढी मनमोहक हुने भएकाले पदयात्रमा आउने पयटक बढेका बताउँदै उहाँले यसअघि ढोरपाटन आउने पर्यटक उपत्यकाबाटै फर्किने गरेकामा हिजोआज बुकीपाटनसम्म उक्लिने गरेका जानकारी दिनुभयो । आफूहरू बर्खामा वस्तुभाउ लिएर बुकीपाटन उक्लिने र हिउँदमा बैंसी झर्ने गरेको स्मरण गर्दै उहाँले पहिले बाहिरी मान्छे खास्सै नजाने गरेकामा पछिल्लो समय यो याममा दैनिक ५० जना युवा बुकीपाटनसम्म जाने गरेका उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “अहिले घुमफिर गर्ने चलन आयो, युवाहरू खुब रमाइलो गर्दै बुकी चढ्छन् । स्टिलका लौरा समातेका, झोला बोकेका, फोटो खिच्दै हिँड्छन् । हामीलाई देखे भने पुराना पुराना कुरा सोध्छन्, जिज्ञासा राख्छन् । कोहीले हाम्रो फोटो खिच्छन् र सञ्चारमाध्यममा देखाउँछु भन्छन् । घुम्न आउनेहरूलाई रमाइलो नै हुन्छ होला, हामीलाई पनि रमाइलो लाग्छ ।” ढोरपाटन उपत्यकाका होटल व्यवसायी धीरेन्द्र घर्ती मगरले पछिल्लो समय बुकीपाटन चर्चामा आएको बताउनुभयो । पहिले गुमनाम रहेको बुकीपाटनमा अहिले दैनिकजसो पर्यटक ‘ट्रेकिङ’ जाने गरेका उहाँको भनाइ छ । पोखरा, काठमाडौँ, बुटवल, चितवनलगायत ठाउँबाट युवाहरू पदयात्रा गर्न आउने गरेका घर्तीले बताउनुभयो । “बुकीपाटन मनमोहक र आकर्षित छ, यतिका समयसम्म ओझेलमा थियो, अहिले सामाजिक सञ्जाल र सञ्चारमाध्यममा प्रचार हुँदा धेरै पर्यटकको आगमन भएको छ । पहिले उपत्यकाबाट फर्किने पर्यटकहरू अहिले बुकीपाटन उक्लिने गरेका छन्”, उहाँले भन्नुभयो, “ढोरपाटन आउने धेरैजसोले बुकीपाटन जाने तयारी गर्नुहुन्छ ।” चितवनका रेवनकुमार शाक्यले तराईमा गर्मी हुँदा शीतलताका लागि बुकीपाटन पदयात्रामा आएको बताउनुभयो । ढोरपाटनसम्मगाडीमाआएकोसुनाउँदै त्यसभन्दा माथि पदयात्रा गरेको उहाँको भनाइ छ । बुकीपाटन जाँदा बाटोमा धेरै पदयात्रीहरू देखेको सुनाउँदै आफूहरू पनि पाँच जनाको टोली आएको शाक्यले जानकारी दिनुभयो । स्थानीय सरकारले बुकीपाटन पुग्ने पदमार्गलाई थप व्यवस्थित र आकर्षित बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पछिल्लो समय बुकीपाटन जाने पर्यटकको सङ्ख्या बढ्दै गएपछि गण्डकी प्रदेश सरकारले चालु आवमा विनियोजन गरेको रु २० लाखमा पदमार्गलगायत पूर्वाधार निर्माण छ । ढोरपाटन नगरपालिका-९ पाखाथरबाट गर्पाछेडासम्मको पाँच किलोमिटर पदमार्ग निर्माण गरिएको पर्यटन तथा उद्योग कार्यालय बागलुङका प्रमुख पारसिंह थापाले जानकारी दिनुभयो । पदमार्गसँग विभिन्न ठाउँमा काठेपुल निर्माण गरिएको बताउँदै आगामी दिनमा अन्य संरचना थप्दै जाने योजना रहेको उहाँको भनाइ छ ।

# लोप हुँदै साउने सङ्क्रान्तिमा लुतो फाल्ने संस्कृति

**पोखरापत्र संवाददाता**
बागलुङ, १ साउन

यहाँका छन्त्याल तथा मगर समुदायले हरेक वर्ष साउने सङ्क्रान्ति भव्य रूपमा मनाउने गर्छन् ।

इष्टमित्र र चेलीबेटी जम्मा भएर दुःख सुख साट्ने पर्वका रूपमा साउने सङ्क्रान्तिलाई लिने गरिन्छ । तर पछिल्लो समय बिस्तारै लुतो फाल्ने संस्कृति हराउँदै गएको छ ।

आधुनिक प्रविधिको विकास र पश्चिमा संस्कृतिको प्रभावसँगै पुराना संस्कृति लोप हुन थालेको बुढापाका बताउँछन् । बिहानदेखि साँझसम्म टाढिएका आफन्त जम्मा भएर मिठामिठा परिकार खाने, दुःख-सुख साटासाट गर्ने र साँझ घर-घरमा लुतो फाल्ने चलन कम भएको निसीखोला गाउँपालिका-६ का ७८ वर्षीय तिलबहादुर बुढा मगरले बताउनुभयो । गाउँमा हाल पाँच/सात जना मात्रै पाका पुस्ता रहेकाले उहाँहरू रहँदासम्म मात्र परम्परा जिवित हुने अवस्था रहेको बुढा मगरको चिन्ता छ । “हामीले चाडबाड भन्दा प्रविधिलाई बढी महत्व दिन थालेका छौँ, हाम्रो बाउबाजेदेखिको पुराना चलनहरू पहिलेको तुलनामा अभ्यासमा अहिले निकै घटेको छ,” बुढा मगरले भन्नुभयो, “लुतो फाल्दा किरा फट्याङ्ग्राले बालीनाली नष्ट गर्दैन, शरीरमा रोग लाग्दैन भन्ने मान्यता छ ।” साउने सङ्क्रान्तिको साँझ कुरिलो, लुतेझार, पानीसरो, कागभलायो, कुकुरडाइनो, रातपातेलगायत औषधीय गुण बोकेका वनस्पतिका र कागती, अमिलो बेलौतीलगायतका फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फाल्ने गरिए पनि उक्त चलन हराएको तमानखोला गाउँपालिका-३ का पूर्णबहादुर घर्ती मगरले बताउनुभयो ।

लुतो फाल्दा नाङ्लो ठटाउने, डम्फू बजाउने, घण्ट बजाउने, ढिँकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन छ । यसरी लुतो फाल्दा रोगव्याधी नलाग्ने, बालीनाली राम्रो हुने र पशुचौपायालाई राम्रो हुने जनविश्वास रहेको घर्ती मगरको भनाइ छ ।

# स्याङ्जामा उद्योग तथा पसलको सङ्ख्या घट्दो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ साउन

जिल्लामा उद्योग तथा पसलको सङ्ख्या दिनानुदिन घट्दो छ । उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गर्न कठिनाइ भएको जनाउँदै उद्योगी, व्यवसायीले पसल दर्ता खारेजी गर्न थालेका हुन् ।

आर्थिक वर्ष २०८१/८२ मा पर्यटन तथा उद्योग कार्यालयमा नयाँ उद्योग दर्ता हुनेभन्दा खारेजी हुनेको सङ्ख्या धेरै रहेको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख नारायणप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०८१/८२ मा १७७ नयाँ उद्योग दर्ता भएकामा २६३ वटा खारेजी भएका छन् । वाणिज्यतर्फ सोही आवमा १४२ वटा नयाँ दर्ता भएकामा १९७ वटाको दर्ता खारेजी गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा २५० वटा नयाँ उद्योग दर्ता भएका थिए । सोही आवमा २२६ वटाको दर्ता खारेजी भएको थियो । वाणिज्यतर्फ १८५ वटा नयाँ दर्ता हुँदा २३४ वटाको दर्ता खारेजी भएको उहाँले जानकारी दिनुभयो । विगतका तुलनामा पछिल्ला वर्षमा व्यापार व्यवसाय घटेकाले उद्योग तथा व्यापार व्यवसाय दर्ता खारेजी गर्न निवेदन बढी आएको जनाइएको छ ।

खारेजी भएकामा बढी कृषि तथा पशुपालन फार्म, खाजा घर, रेष्टुरेन्ट, कुटानीपिसानीका उद्योग, फेन्सी पसल छन् । अनुदान लिन फार्म सञ्चालन गर्ने र अनुदान लिएपछि फार्म बन्द गर्ने पनि देखिएका छन् ।

उद्योग तथा व्यापार ब्यवसायको दर्ता खारेजी हुनु अर्थतन्त्रका दृष्टिले राम्रो सङ्केत नभएको वालिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष चेतनारायण श्रेष्ठ बताउनुहुन्छ । पछिल्लो समय देशमा देखिएको आर्थिक मन्दीका कारण पनि उद्योग तथा व्यापार व्यवसायमा कठिनाई भएकाले खारेजी गर्ने बढेका हुनसक्ने उहाँको भनाइ छ ।

आव २०८१/८२ मा विविध शीर्षकबाट पर्यटन तथा उद्योग कार्यालयले रु ५५ लाख ५५ हजार ७७० राजस्व सङ्कलन गरेको थियो । आव २०८०/८१ मा भन्दा आव २०८१/८२ मा रु २२ लाख बढी राजस्व सङ्कलन भएको हो । नवीकरण गर्न एक वर्ष नाघेका फाइल जरिवाना भुक्तानी गरेर नवीकरण गर्न पाउने नियम आएसँगै गत आवमा राजस्व बढेको कार्यालयले जनाएको छ ।


# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फेदीखोला बजार, फेदीखोला-२
## गण्डकी प्रदेश, नेपाल

# नदीजन्य पदार्थको बिक्रीका लागि बढाबढको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०४/०२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, प्रदेश सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रसिङ तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यबस्थित गर्ने कार्यविधि, २०७५, नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ तथा सो को प्रथम संशोधन २०७९ र यस गाउँपालिकाको चालु आ.व. को आर्थिक ऐनमा व्यवस्था भए बमोजिम तपशिलमा उल्लिखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपालिकाले गाउँपालिकाको आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/८१ को कर चुक्ताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.नं. | सूचना नं. ०२/०८२/८३/ पी.आर.एम. को बोलपत्र नं. | बोलपत्रको नाम/घाटको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | १०/PRM/IR/०८२-८३ | सेतीखोला भाटखोला चनौटे दोभान | २०३९७७ | १,४२७,८३९/०० | बोलपत्रदाताले आँफुले कबोलगरेकोमु.अ.क.सहितको रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत जम्मा गरी बोलपत्र पेश गर्नुपर्नेछ । | १०००/- |
| २ | ११/PRM/IR/०८२-८३ | ठाडोखोला डहरेदोभान | १०८०६३ | ७५६,४४१/०० | | १०००/- |
| ३ | १२/PRM/IR/०८२-८३ | दोपरे चाँपको रुख | ८३९०० | ५८७,३००/०० | | १०००/- |
| ४ | १३/PRM/IR/०८२-८३ | सेतीखोला पिप्ले पातिहाल्ना | १२६५२३ | ८८५,६६१/०० | | १०००/- |
| ५ | १४/PRM/IR/०८२-८३ | घ्याङरुङखोला ढाँण | २२०७१६ | १,५४५,०१२/०० | | १०००/- |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. ०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मु.अ.क. (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा प्राइम कमर्सियल बैंक शाखा कार्यालय फेदिखोलामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६५०१००००००३०८००१८० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा नगदै वा यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आँफुले कबोल गरेको मु.अ.क. सहितको कूल कबोल अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्राइम बैक फेदिखोला शाखा स्थित धरौटी खाता नं. ०६५०१००००००००३६००१७९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र बोलपत्रको नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्रको विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १० औं दिन दिनको ११:०० बजे फेदिखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू. अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत बाँकी ५० प्रतिशत ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी/खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फर्छ्योट नगरेसम्म बोलपत्र प्रकृयामा भाग लिन पाउने छैनन् । ठेक्का प्रकृयामा भाग लिएमा त्यस्ता बोलपत्रहरुलाई मूल्याङ्कन प्रकृयाबाट हटाई बाँकी रहेका बोलपत्रहरुको मात्र मूल्याङ्कन लगायतका अन्य प्रकृया अगाडि बढाइनेछ ।

१०. यस सूचनामा उल्लेख भएका विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

(नोटः विस्तृत जानकारी यस कार्यालयको website: www.phedikholamun.gov.np मा समेत हेर्न सकिनेछ ।)